नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२।०३।०२

# प्रेस विज्ञप्ति

नजर अनलाइनका सम्पादक झलक पालीमाथि भैरहेको दुर्व्यवहार र घटनाक्रमप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

प्रहरीले सिर्जना गरेको 'प्रहरीसँग पत्रकार' नामको म्यासेन्जर ग्रुपमा २०८२ जेठ १४ गते डोटीको जोरायल गाउपालिका-१ का दीपक खड्काको मृत्युबारे जानकारी प्राप्त भएपछि सोही आधारमा पालीले समाचार प्रकाशन गरेपछि यो स्थिति आएको महासंघ सुदूरपश्चिम प्रदेश समितिले जनाएको छ ।

सो समाचार भ्रामक र तथ्यहीन भएको आरोप लगाउँदै पालीवरुद्ध स्थानीय र प्रहरीसमेतको सहभागितामा भ्रम फैलाउने, हतोत्साहित गर्ने तथा सार्वजनिक रुपमा माफी माग्न दबाब आइरहेको प्रदेशको भनाइ छ ।

स्रोतका आधारमा समाचार तयार पार्ने पत्रकारको पेशागत धर्म निर्वाह गर्दा पत्रकारमाथि यसप्रकारका हर्कत हुनुलाई महासंघले अत्यन्त निन्दनीय र प्रेसविरोधी कदमको रुपमा लिएको छ ।

महासंघ पत्रकारलाई हतोत्साहित र भ्रमित बनाउने यस्ता कार्यप्रति खेद प्रकट गर्दछ । समाचारमा चित्त नबुझे कानुनी उपचार या प्रचलित विधि अनुरुप जान सम्बन्धित पक्षलाई सुझाउदै महासंघ घटनाको छानबिन गरी यस्ता गतिविधि नियन्त्रणमा गम्भीर हुन तथा प्रेसलाई स्वतन्त्रता र सुरक्षाको प्रत्याभूति दिन सम्बन्धित निकायसँग माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org